PAGE NO.
DATE / /

आज मिति २०८२ साल पौष ०९ गते बुधबारका दिन यस राजपुर नगरकार्यपालिकाको कार्यालय, राजपुर, रौतहटमा नगर प्रमुख श्री डा. मो. राजीव आलमज्यूको अध्यक्षतामा नगरस्तरीय विपद व्यवस्थापन समितिको बैठक बसी देहायका प्रस्तावहरू उपर छलफल गरी तपशीलका निर्णयहरू पारित गरियो।

उपस्थिती:

१) श्री डा. मो. राजीव आलम : नगर प्रमुख - अध्यक्ष
२) श्री अमिला असगरी - नगर उप-प्रमुख - सदस्य
३) श्री बैजु ठाकुर - प्र.प्र.अ. - सदस्य
४) श्री शेख अन्सारुल हक - (विषयगत समिति संयोजक) सदस्य
५) श्री सोनालाल पंडित - (विषयगत समिति संयोजक) - सदस्य
६) श्री फुर्केद आलम - योजना शाखा प्रमुख - सदस्य
७) श्री तफजीरा फरहीन - सा.वि तथा कृषि शाखा प्र. - सदस्य
८) श्री राजेश कुमार राय - प्राविधिक शाखा, प्र. सदस्य
९) श्री स.प्र.नि. सुवास पहारी जैसवल - सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेसक्याम्प - सदस्य
१०) श्री प्र.नि. राजेन्द्र गिरी - इलाका प्रहरी का. राजपुर प्र. - सदस्य
११) श्री सुकुरीलाल ठाकुर - रेडक्रस उपशाखा, प्र. - सदस्य
१२) श्री भोला साह - स्थानीय उद्योग वाणिज्य प्रतिनिधि - सदस्य. भोला साह

DATE / /

१३) श्री मो. अजहर आलम - जे.स.स प्रतिनिधि - सदस्य

१४) श्री शेख अफसर - नगर प्रहरी प्रमुख - सदस्य

१५) श्री उषा तिमल्सीना - DRR focal person - सदस्य सचिव

**प्रस्तावहरु:**

प्रस्ताव नं. १) :- ज्येष्ठ नागरिक न्यानो कार्यक्रम सम्बन्धमा
प्रस्ताव नं. २) :- दाउरा वितरण कार्यक्रम सञ्चालन सम्बन्धमा
प्रस्ताव नं. ३) :- विपद पोर्टल सञ्चालन सम्बन्धमा
प्रस्ताव नं. ४) :- कम्बल र fireball सम्बन्धमा
प्रस्ताव नं. ५) :- आगलागी पिडितलाई सहयोग सम्बन्धमा
प्रस्ताव नं. ६) :- शोक संवेदना तथा किरिया खर्च सम्बन्धमा

**निर्णयहरु :-**

निर्णय नं. १) :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस राजपुर नगरपालिका अन्तर्गत स्थायी बसोबास भएका ज्येष्ठ नागरिक दलित तथा ज्येष्ठ नागरिक अन्य सम्पूर्ण लाभग्राहीहरुलाई दिनानुदिन बढ्दै गएको शितलहर तथा चिसोबाट हुन सक्ने क्षतीलाई न्यूनीकरण गर्न ज्येष्ठ नागरिक न्यानो कार्यक्रम अन्तर्गत कम्बल वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. २) :- प्रस्ताव नं. २ माथि छलफल गर्दा शीतलहर व्यवस्थापन कार्ययोजना बमोजिम दाउरा वितरण गर्नका लागि डिभिजन वन कार्यालय चन्द्रपुरलाई सिफारिस गरी उपलब्ध दाउरा सुरक्षा निकायको र वडा कार्यालयको समन्वयमा चोकचोकमा तथा सार्वजनिक स्थलहरुमा वितरण गरी आगो ताप्ने वातावरण बनाउने निर्णय गरियो ।

निर्णय नं. ३) :- विपद्बाट क्षतीग्रस्त भएको घरपरिवारलाई राहतको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण ऐन २०७४ को दफा ४३(१) अनुसार स्वीकृत "विपद् संवेदनशील सामाजीक सुरक्षा तथा राहात मापदण्ड २०७७ बमोजिम

लाभग्राही विपदा पोर्टलमा समावेश गरी राहात वितरणको व्यवस्था मिलाउन पालिकामा घटेका विपद् घटनाको प्रतिवेदन विपदा पोर्टलमा अनिवार्य प्रविष्टी गर्ने निर्णय गरियो।

निर्णय नं. ४):- प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस पालिकामा सञ्चालनमा रहेको दमकललाई हर वखत उपलब्ध हुने गरी व्यवस्था मिलाउने साथै नवनिर्मित प्रशासकीय कार्यालय भवनमा र इलाका प्रहरी र सशस्त्र बल, नेपाल प्रहरी बल [illegible] विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक fire ball अथवा fire extinguisher नगरपालिकाको मार्फत जिल्ला विपद् व्यवस्थापन समिति सँगहरुमा माग गर्ने निर्णय गरियो।

निर्णय नं. ५):- प्रस्ताव नं: ५ माथि छलफल गर्दा यस राजपुर नगरपालिका वडा नं. ६ निवासी मजबुन नेसा मिति २०८२/०५/०६ गते आगो ताप्ने क्रममा आगलागी भई घाइते हुनुभएकोमा हाल नारायणी अस्पताल विरगंजमा उपचाररत हुनुभएको हुँदा निज मजबुन नेसालाई उपचार खर्च सहयोग गर्ने भन्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ६):- प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस राजपुर नगरपालिकाका सवारी चालक श्री रोज कमहल होदाको सेवाकालमा अल्पायु अवस्थामा भएको निधन प्रति गहिरो समवेदना प्रकट गर्दै निजको घरको आर्थिक अवस्था कमजोर भएको हुँदा निजको परिवारलाई किरिया खर्च उपलब्ध गराउने निर्णय गरियो।